## मिति २०७७।१०।०२ गतेको ९९ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १** : कार्यपालिकाका अघिल्लो बैठकहरुमा टेबल गरिएका देहायका निर्देशिका तथा नीति माथी आजको बैठकमा दफावार छलफल भयो। छलफलमा उठेका राय सुझावहरुलाई समेटी संशोधन सहित सो कानूनहरु स्वीकृत गर्ने।

(क) शैक्षिक व्यवस्थापन निर्देशिका,२०७७ (ख) माध्यमिक शिक्षा नीति,२०७७

**निर्णय नं २** : (क) नगर शिक्षा समितिको मिति २०७७।०९।२९ गतेको सिफारिस निर्णय अनुसार वीरेन्द्रनगर नगरपालिका वडा न ७ स्थित श्री पदमलिला प्रा.वि ईत्राममा अध्ययनरत विद्यार्थि संख्या हरेक वर्ष घट्दो क्रममा रहेको हुँदा दुबै विद्यालयको निर्णयमा वडा शिक्षा समितीको सिफारिस समेतको आधारमा उक्त विद्यालयको चल सम्पतिलाई श्री कृष्ण संस्कृत तथा साधारण मा.वि ईत्राममा रहने गरी विद्यालय समायोजन गर्ने र अचल सम्पत्ति वीरेन्द्रनगर नगरपालिका मातहत रहने तथा सो विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई श्री जन नमुना मा.वि वीरेन्द्रनगरमा कामकाज गर्ने गरी व्यवस्थापन गर्ने। साथै पद्मलिला प्रा.वी को हाल रहेको संरचना तथा थप गर्नुपर्ने भए सो समेत गरी नेपाल पुलिस स्कूललाई प्रयोग गर्न दिई हाल तहाँ अध्ययनरत विद्यार्थिहरुलाई नेपाल पुलिस स्कूलले नि शुल्क छात्रवृत्तिमा अध्ययन गराउने तथा हरेक वर्ष हाल भईरहेकै संख्यामा नघट्ने गरी विद्यार्थीहरुलाई नियमित छात्रवृत्तिमा अध्ययनको व्यवस्था नेपाल पुलिस स्कूलले गर्ने। साविक पद्मलिला प्रा.वी को कक्षा संचालन भएको तर हाल नेपाल पुलिस स्कूलमा अनुमती प्राप्त नभएको तहको कक्षाको शैक्षिक प्रमाणपत्र उक्त कक्षाको अनुमती सो स्कूललाई प्राप्त नहुन्जेसम्मका लागी श्री कृष्ण संस्कृत तथा साधारण मा.वि इत्रामबाट जारी गर्ने व्यवस्था गर्ने। सो विषय नगरपालिका,विद्यालय र नेपाल पुलिस स्कूलले त्रिपक्षिय सम्झौता गरी तत्काल कार्यान्वयन गर्ने।

(ख) यस कार्यपालिकाको मिति २०७७।०६।०९ गतेको निर्णय अनुसार सेवा सुविधा वृद्धि गरिएका विद्यालय तर्फका कर्मचारीहरुको सुविधा २०७७ श्रावण महिना देखी नै लागु हुने गरी उपलब्ध गराउने।

**निर्णय नं ३** : भुमी सम्बन्धी समस्या समाधान आयोग र यस नगरपालिका बिच मिति २०७७।०८।३० गते भएको सम्झौता अनुसार यस नगरपालिका भित्र भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गरी प्रमाणीकरण गर्ने कार्यलाई व्यवस्थीत गर्न भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि,२०७७ बमोजिम यस नगरपालिकामा ईकाइ गठन गरी कार्य आरम्भ गर्ने साथै ऐ कार्यविधिको दफा ३(१) बमोजिम गठन हुने सहजिकरण समितीमा ऐ दफाको (ग) को प्रयोजनका लागि यस नगरमा क्रियासिल रहेका राष्टिय मान्यता प्राप्त राजनितिक दलको कार्यालयमा प्रतिनिधी तोकिदिनहुन पत्राचार गर्ने साथै (घ) को प्रयोजनका लागि देहायका कार्यपालिका सदस्यहरु लाई छनौट गर्ने।

(क) कार्यपालिका सदस्य श्री लक्ष्मी वि क (ख) कार्यपालिका सदस्य श्री टिका घले

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ९९ मिति २०७७/१०/०२

Scanned with CamScanner

**निर्णय नं ४ :** यस नगरपालिकामा ढुंगा गिट्टी बालुवाको ठेक्का व्यवस्थापनको सम्बन्धमा यस कार्यपालिकाको मिति २०७७।०८।१६ को निर्णय अनुसार विपदको कारणले उठाएको नदिजन्य पदार्थको परिमाण,परम्परागत रुपमा उत्खनन् गरिएको परिमाण र अन्य किसिमबाट भित्रिएको परिमाण समेतलाई हालको राजश्व आम्दानी रसिदमा संम्लग्न गरी राजश्व उठाईएको परिमाण एकीन गरी सो बाहेक प्रारम्भिक वातावरणीय परीक्षण बमोजिमको जम्मा परिमाण एकीन गरी नदिजन्य पदार्थको उत्खनन संकलन तथा बिक्रि वितरण सम्बन्धी कार्यविधि,२०७५ को दफा १ (ग) बमोजिम गठित प्राविधिक समिती र नगरस्तरिय विपद समिती र प्राविधिक समेतको स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदन अनुसार IEE गरिएको क्षेत्रको कायम हुने उत्खनन गर्न बाँकी परिमाणलाई आधार मानी जम्मा परिमाणमा घटेको अनुपातमा ठेकेदारले कबुल गरेको जम्मा रकमको अनुपात हिसाब गरी सम्झौता गर्न ठेकेदार पक्ष राजी भएमा सोही परिमाण र रकममा सम्झौता गर्ने गरी कार्यालयले आगामी बैठकमा पेश गर्ने ।

**निर्णय नं ५ :** बसपार्क व्यवस्थापन समितीको मिति २०७७।१०।०१ गतेको बैठकको निर्णय आजको बैठकलाई जानकारी गरियो । साथै बसपार्क भित्र मोटरसाईकल जिप टेम्पो प्रवेश गर्दा शुल्क लिन नपाउने तर बसपार्क भित्र नै यी सवारी साधनहरु लगी पार्किङ गरेको खण्डमा मात्र शुल्क लिन पाउने सार्वजनिक सुचना उक्त स्थानमा टाँस गर्न ठेकेदार पक्षलाई निर्देशन दिने ।

**निर्णय नं ६ :** यस नगरपालिकाका विभिन्न वडाबाट योजनाहरु संशोधनका लागि सिफारिस भई आएको सन्दर्भमा देहाय बमोजिम हुने गरी संशोधनको स्वीकृती प्रदान गर्ने

| **क्र.स** | **वडा** | **साविकका योजना** | **रकम** | **संशोधन भई कायम हुने योजना** | **रकम** |
|---|---|---|---|---|---|
| १ | १४ | सडक सरसफाई | साविक सडक सरसफाई शिर्षकमा बचेको रकम | स्वास्थ्य चौकी स्ल्याव निर्माण र सिद्ध मा वि स्ल्याव निर्माण | साविक सडक सरसफाई शिर्षकमा बचेको रकम |
| | | पुर्वाधार तर्फ गत वर्षको क्रमागत योजना बाट घट रकम शिर्षक न. ९४ -३० | | STLT पोल सार्ने कार्यक्रम | ११ लाख१७ हजार६७५ को ५० प्रतिशत |
| २ | ५ | कृषकलाई ८० प्रतिशत अनुदानमा तरकारी बिउ विजन वितरण | १ लाख ५० हजार | वडा कार्यलिय प्राङगणमा गुट्का विच्छाउने र कालिका प्रा.वि मा वाल निमार्ण | १ लाख ५० हजार |
| ३ | ७ | वडा गौरवको पुर्वाधार तर्फ टेण्डर घट रकम | १ लाख ५० हजार | फुलबारी टोलमा कुलो निर्माण सहकार्य | १ लाख ५० हजार |

...नगर कार्यपालिकाको
बैठक संख्या ६६ मिति २०७७।१०।०२
को निर्णय

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | १२ | सरस्वती टोलमा नाला निर्माण | ४ लाख ५० हजार | सरस्वती टोलमा नाला तथा कुलो निर्माण | ४ लाख ५० हजार |
| | १२ | त्रिवेणीचोक सडक स्तोरोन्नती | ४ लाख | त्रिवेणीचोक नाला तथा कुलो निर्माण | ४ लाख |
| ५ | ११ | गाग्रेताल रत्न राजमार्ग सडक स्तरोन्नतीको टेण्डर घट रकम ५० प्रतिशत | घटेको रकमको अधिकतम ५० प्रतिशत | टनेल वितरण | ४ लाख ६७ हजार |
| ६ | ३ | सामाजिक विकास तर्फको फरक क्षमता भएका व्यक्तीको सिप विकास तालिम | १ लाख | विविध खर्च शिर्षक | १ लाख |
| | ३ | सुशासन तर्फ मेशिनरी औजार मर्मत | १ लाख | | |
| | ३ | कला संस्कृती संरक्षण | २ लाख | सडक बत्ति मर्मत | २ लाख |
| ७ | ९ | स्याउली बजार शिव मा वि सडक टेण्डर घट रकम | घटेको रकमको अधिकतम ५० प्रतिशत | स्याउली बजार शिव मा वि सडकका टोलमा सडक ग्राभेल तथा नाला निर्माण | |
| ८ | १० | पुर्वाधार तर्फ घ्रुसा चोक देखी पातालगंगा जाने बाटो | ५ लाख | शहरी स्वास्थ्य केन्द्रको लागी भवन निर्माण जग्गा खरिद | ८ लाख ५० हजार |
| | | पुर्वाधार तर्फ विभिन्न सडकमा बत्तिको पोल विस्तार | २ लाख | | |
| | | वातावरण तर्फ हरियाली प्रवर्धन | १ लाख ५० हजार | | |

**निर्णय नं ७ :** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च न १९९ मिति २०७७।०९।१३ को प्राप्त पत्रका सम्बन्धमा चालु वर्षका लागि यस नगरपालिकामा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्वय गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमको सर्शत अनुदान वापत रु १,५२,२२,०००। प्राप्त भएको सन्दर्भमा कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७ बमोजिम तोकिएको अवधिभित्र नगरपालिकामा सुचिकृत भएका ११५० जना बेरोजगार व्यक्तिहरुबाट योजना संचालन गर्ने गरी प्रति वडा रु ८ लाख ९० हजारका दरले १६ वटा आयोजना छनोट गर्ने र बाँकी रकम रु ९ लाख ८२ हजारको एक नगरस्तरिय योजना छनौट गरी कार्यविधि बमोजिम कार्यान्वयन गर्ने।

...नगर कार्यपालिकाको
बैठक संख्या ५५ मिति २०७७।१०।०२
को निर्णय ...

Scanned with CamScanner

निर्णय नं ८ यस नगरपालिकाको स्वास्थ्य सेवा नियममावली,२०७७ को नियम ४० बमोजिम तथा मिति २०७७।०९।१४ गतेको अनुगमन समितीको सिफारिस प्रतिवेदन अनुसार नयाँ संचालन हुने अस्पताल गजेन्द्र मेमोरियल नसिङ होम वी न पा ६ सुर्खेत र शुभलक्ष्मी हेल्थ साईन्स वी न पा ८ सुर्खेत तथा नविकरणमा गुरुङ नसिङ होम वी न पा ६ सुर्खेत लाई १५ सैयाको अस्पताल संचालन तथा नविकरणको स्वीकृती एक वर्षको लागि प्रदान गर्ने ।

कार्यपालिकाको
बैठक संख्या ११
को निर्णय